पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७७/७८
चलानी नं./Ref. No. : १०६

मिति : २०७७।०५।०८

विषय : उपभोक्ता समिति गठन गर्ने सम्वन्धमा ।

श्री वडा अध्यक्ष ज्यू
वडा नं १ सिलुवा
वडा नं २ जल्पा
वडा नं ३ रिङ्नेरह
वडा नं ४ देवीनगर
वडा नं ५ बिरकोट
वडा नं ६ हेक्लाङ

प्रस्तुत विषयमा यस गाउंपालिकाको चालु आ.व ०७७।०७८ को वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा त्यस वडामा चालु आ.व मा संचालन हुने विभिन्न योजना कार्यान्वयनको लागि उपभोक्ता समिति गठन गर्नुपर्ने भएको हुंदा तपसिलमा उल्लेखित वुदाहरुको पालना गर्दै मिति २०७७ असौज १५ गते सम्ममा वडा पालिकाको प्रतिनिधिको रोहवरमा समिति गठन गरी सो को जानकारी यस कार्यालयमा दिनु हुन अनुरोध छ ।

तपसिल

१) समिति गठन गर्दा अवस्था हेरी ७, ९ वा ११ जना सम्म पदाधिकारी रहेको समिति गठन गर्ने ।

२) चालु आ.व को महिला तथा वालवालिका सम्वन्धि वार्षिक नीतिको वुदा नं २ अनुसार समितिमा सम्वभ भए सम्म ५०% महिला पदाधिकारी रहने व्यवस्था सुनिश्चित गर्ने ।

३) अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै पनि एक पदमा अनिवार्य रुपमा महिला हुनु पर्ने र तिनै जना पदाधिकारीहरुको संयुक्त दस्तखतवाट वैंक खाता संचालन गराउने ।

४) समितिमा १८ वर्ष उमेर पुरा भएको, कुनै पनि फौजदारी अभियोगमा अदालतवाट दोषी नठहरिएको,सरकारी वांकी वक्यौता वा पेश्की फर्स्यौट गर्न वांकी नरहेको र योजना क्षेत्रको स्थाई वासिन्दा हुनु पर्ने ।

५) उपभोक्ता समितिमा जनप्रतिनिधी, राजनैतिक दलका पदाधिकारी, वहालवाला कर्मचारी र शिक्षक समितिमा नराख्ने ।

६) एक व्यक्तिलाई एक भन्दा वढी उपभोक्ता समितिमा नराख्ने । त्यसैगरी सगोलको परिवारवाट पनि एक भन्दा वढी व्यक्तिलाई समितिमा नराख्ने ।

७) उपभोक्ता समितिवाट गर्नु पर्ने काम निर्माण व्यवसायी वा अन्य कुनै व्यक्ति वा संस्थावाट नगराउने ।

८) गाउंपालिकामा गत आ.व ०७६।०७७ को अन्तिम भुक्तानी लिन वांकी रहेका उपभोक्ता समितिको हकमा कार्यालयवाट वांकी भुक्तानी नभए सम्मका लागि यथास्थितीमै राखि नयां समिति गठन नगर्ने ।

९) उपभोक्ता समिति गठनको लागि आमभेला गर्दा COVID 19 को सर्न्दभमा स्वास्थ्य मन्त्रालयले जारी गरेको न्यूनतम स्वास्थ्य मापदण्ड पुरा गरेर मात्र भेलाको आयोजना गर्ने ।

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री सूचना प्रविधि शाखा
गाउंपालिकाको Wibesite मा राखिदिनु हुन ।